आज मिति २०८२।०४।१२ गते बिहान ११:०० बजे यस इस्मा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा गाउँपालिकाका अध्यक्ष श्री भगत सिंह खड्का ज्यूको अध्यक्षतामा बसेको गाउँ कार्यपालिकाको बैठक देहाय बमोजिम उपस्थिति रही तपसिलका प्रस्तावहरु उपर छलफल गरी निम्नानुसारका निर्णयहरु गरियो ।

उपस्थिति:

| क्र. सं. | नामथर | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १. | श्री भगत सिंह खड्का | अध्यक्ष | | |
| २. | श्री पार्वती कुँवर | उपाध्यक्ष | — | |
| ३. | श्री शेर बहादुर कुँवर | सदस्य | | |
| ४. | श्री लोकनाथ आचार्य | सदस्य | | |
| ५. | श्री ज्योतिराज कुँवर | सदस्य | | |
| ६. | श्री राजु बस्नेत | सदस्य | | |
| ७. | श्री झविन्द्र अर्याल | सदस्य | | |
| ८. | श्री ढाल बहादुर कुँवर | सदस्य | | |
| ९. | श्री रेनुका विष्ट क्षेत्री | सदस्य | | |
| १०. | श्री डोल बहादुर सार्की | सदस्य | | |
| ११. | श्री सुनिता विश्वकर्मा | सदस्य | | |
| १२. | श्री बसन्त सुनार | सदस्य | | |
| १३. | श्री टिका कुमारी घर्ती कुँवर | सदस्य | | |
| १४. | श्री खगिसरा पोख्रेल | सदस्य | | |
| १५. | श्री नारायण महत | सदस्य सचिव | | |

अन्य उपस्थिति:

| क्र. सं. | नामथर | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १. | सुनिता जि.सी. कुँवर | जि.स. सदस्य | | |
| २. | हरि प्रसाद घिमिरे | वास संयोजक | | |
| ३. | मनिष पन्थी | अमिन | | |

मिति २०८२।०४।१२ गतेको कार्यपालिका बैठकका निर्णयहरु :

निर्णय नं. १

यस गाउँपालिका वडा नं. ६ अमरपुर अन्तर्गत संचालित बुल्मे सामुदायिक स्वास्थ्य इकाईको भवन निर्माणको लागि उक्त स्वास्थ्य इकाइको नाममा जग्गा धनी दर्ता प्रमाण पूर्जा हुनु पर्ने प्राब्धान रहेको हुँदा उक्त जग्गा व्यवस्थापनको लागि आवश्यक पहल गर्दा यस गाउँपालिका वडा नं. ६ अमरपुर निवासी तारा बहादुर बोहराको नाममा श्रेस्ता कायम रहेको यस गाउँपालिका वडा नं. ६ अमरपुर साविक अमरपुर गा.वि.स. वडा नं. १ मा रहेको कित्ता नं. २२२ बाट उक्त स्वास्थ्य इकाईको लागि जम्मा क्षेत्रफल १-८-०-० (रोपनी) निशुल्क उपलब्ध गराउने भएको हुँदा उक्त जग्गा उक्त स्वास्थ्य इकाईको नाममा रजिष्ट्रेशन गर्नको लागि कार्यालयको प्रतिनिधि अमरपुर स्वास्थ्य चौकी इन्चार्ज अस्मिता खड्कालाई तोक्ने साथै निशुल्क जग्गा उपलब्ध गराउनु हुने जग्गादाता तारा बहादुर बोहरालाई धन्यवाद प्रदान गर्ने सर्वसम्मत निर्णय पारित गरियो ।

निर्णय नं. २

यस गाउँपालिका अन्तर्गत संचालनमा रहेका गाउँ कार्यपालिकाको कार्यालयमा दर्ता रहेका होटेल व्यवसायहरुमा पानी शुद्धिकरण मेशिन (आरो प्लान्ट) जडान गरेको खण्डमा व्यवसायीले बेहोर्ने रकमको २५ प्रतिशत रकम गाउँपालिकाको तर्फबाट अनुदान उपलब्ध गराउने सम्बन्धमा इस्मा गाउँपालिकाको आरो प्लान्ट जडान अनुदान कार्यविधि, २०८२ स्वीकृत गर्ने निर्णय सर्वसम्मत पारित गरियो ।

निर्णय नं. ३

भूमि समस्या समाधान आयोग जिल्ला समिति, गुल्मीको पत्रसंख्या २०८१।८२ को च.नं. ८० मिति २०८२।०२।२७ गतेको पत्र अनुसार दस्तुर निर्धाणको लागि क्षेत्र विभाजन सम्बन्धमा यस गाउँपालिकाका देहायका वडाहरुको देहायको क्षेत्र देहायको वर्गीकरणमा पर्ने निर्णय गरियो ।

देहाय

| वडा नं. | क्षेत्र | वर्गीकरण | कैफियत |
|---|---|---|---|
| १ | वडा कार्यालय देखि बागखोरसम्म | स्थानीय बजार उन्मुख | अन्य सबै ग्रामीण क्षेत्र |
| २ | रातडाँडा देखि सिर्फूसम्म | स्थानीय बजार उन्मुख | अन्य सबै ग्रामीण क्षेत्र |
| ३ | रातीपोखरी देखि ठाडढुंगासम्म | स्थानीय बजार उन्मुख | अन्य सबै ग्रामीण क्षेत्र |
| ४ | महतका छेंडा देखि ओडारपानी | स्थानीय बजार उन्मुख | अन्य सबै ग्रामीण क्षेत्र |
| ५ | देवाटा, रातापोखरा इस्मामैदान हुलाके | स्थानीय बजार उन्मुख | अन्य सबै ग्रामीण क्षेत्र |
| ६ | राङ्गदलचौर | स्थानीय बजार उन्मुख | अन्य सबै ग्रामीण क्षेत्र |

निर्णय नं. ४

इस्मा गाउँपालिका साझेदारी कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि, २०७६ मा देहाय बमोजिम संशोधन गर्ने निर्णय पारित गरियो ।

देहाय

परिच्छेद ३ दफा ७ मा "टोल विकास संस्था"थप गर्ने । परिच्छेद ८ मा दफा २६ थप गरी "रोजगार तथा स्वरोजगार सिर्जना हुने गरी स्थानीय साधन स्रोतको उपयोग गरी संचालन हुने उत्पादनमूलक क्रियाकलापका लागि विशेष प्राथमिकता दिन सकिनेछ" भन्ने वाक्यांश थप गर्ने ।

भगत सिंह खड्का
अध्यक्ष

मिति २०८२।०४।१२ गतेको कार्यपालिका बैठकका निर्णयहरुः-

निर्णय नं. ५

यस गाउँपालिकाको चालु आर्थिक वर्ष २०८२।८३ को वार्षिक स्वीकृत कार्यक्रम एक घर एक धारा कार्यक्रम इस्मा गाउँपालिकाको कार्यक्रम अगाडि बढाउन तयार गरिएको लागत अनुमान रु २४,९९,७१७९५ स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

यस गाउँपालिकाको चालु आर्थिक वर्ष २०८२।०८३ को आर्थिक ऐन २०८२ बमोजिम कवाडीजन्य सामग्री र नदीजन्य सामग्रीको आय ठेक्काको लागि सूचना प्रकाशित गर्ने निर्णय गरियो ।

निर्णय नं. ७

इस्मा गाउँपालिकाको ब्याक हो लोडर सञ्चालन सम्बन्धी कार्यविधि २०८१ को दफा (९) को उपदफा (३) अन्य वाक्याशं यथावत राखी रु ५०/- (पचास) को सट्टा रु १००/- (एक सय) संशोधन गर्ने निर्णय सर्वसम्मत पारित गरियो ।

भक्त सिंह खड्का
अध्यक्ष